नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ६३६ मिति :- २०७१/११/१२

श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरु, इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था, मनिचेञ्जर तथा अन्य निकायहरु ।

विषय :- भारतीय रुपैया ५००।- र १,०००।- दरका नोटहरुमा रहेको बन्देज हटाइएको सम्बन्धमा ।

महाशय,

यस बैंकको मिति २०६७/१२/७ को इ.प्रा. परिपत्र संख्या : ५५६ को बुँदा नं.६(क) बाट भारतीय रुपैया ५००।- र १,०००।- दरका नोटहरु खरिद बिक्रीमा लगाइएको बन्देज हटाई सोको सट्टामा देहाय बमोजिम गरी सटही गर्ने व्यवस्था गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

"(क) भा.रु.५००।- र १०००।- दरका नोटको सम्बन्धमा देहाय बमोजिम हुनेछ :

(१) नेपाली र भारतीय नागरिकले भारतीय रुपैयाँ ५००।- (पाँच सय) र १०००।- (एक हजार) दरका नोटहरु प्रति व्यक्ति भा.रु.पच्चीस हजारसम्म नेपालभित्र ल्याउन वा नेपाल बाहिर लैजान सक्नेछन् ।

(२) खण्ड (१) मा उल्लिखित दरका हदभन्दा बढी ल्याएका वा लगेका भा.रु. ५००।- र १०००।- दरका नोट वापतको रकम जफत हुनेछ ।

(३) नेपाली नागरिकले भारतीय रुपैयाँ भारत बाहेक अन्य मुलुकमा लैजान वा अन्य मुलुकबाट नेपाल ल्याउन पाइने छैन ।"

भवदीय,

(भिष्मराज ढुंगाना)
का.मु.कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४. श्री नेपाल सरकार, गृह मन्त्रालय, अध्यागमन विभाग, कालिकास्थान, काठमाडौं ।
५. श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
६. श्री बैंक सुपरिवेक्षण विभाग ।
७. श्री विकास बैंक सुपरिवेक्षण विभाग ।
८. श्री वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
९. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
१०. श्री नेपाल बैंकर्स संघ, थापाथली, काठमाण्डौ ।
११. श्री डेभलपमेन्ट बैंकर्स संघ, अनामनगर, काठमाण्डौ ।
१२. श्री वित्त कम्पनी संघ, काठमाण्डौ ।
१३. श्री नेपाल विप्रेषक संघ, लैनचौर, काठमाण्डौ ।